# राष्ट्रिय वनस्पति पुरस्कार २०८२ को लागि आवेदन फारम भर्दा ध्यान दिनु पर्ने कुराहरु

१. आवेदक वा सिफारिस गर्नेले राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि २०७७ को अनुसूची १ र अनुसूची १ क बमोजिमको फारम अनिवार्य भरेर पेश गर्नु पर्नेछ ।

२. पुस्तकको हकमा ISBN Number भएको पुस्तकलाई मात्र मान्यता दिईनेछ। प्रमाणको हकमा अधिकतम २(दुई) वटा पुस्तक बुझाउनुपर्नेछ। लेखक मूल-लेखक(Main Author) को हकमा पुरा अंक र सह-लेखक (Co-author) को हकमा पूर्णाङ्कको आधा अंक दिईनेछ। सम्पादित पुस्तक (Edited Book) र Proceedings को लागि कुनै पनि अंक दिईनेछैन। कुनै संस्थाहरुबाट प्रकाशन भएका पुस्तकहरुमा ISBN Number नभएमा त्यसबापत अङ्क प्रदान गरिनेछैन।

३. अन्तर्राष्ट्रिय जर्नलको हकमा Impact Factor मा सूचीकृत भएको वा Scimago Journal and Country Rank (SJR) मा सूचीकृत भएको हुनुपर्नेछ।

४. राष्ट्रिय जर्नलको हकमा ISSN नम्बर प्राप्त वा NepJOL मा सूचीकृत भएको हुनुपर्नेछ।

५. अन्तर्राष्ट्रिय र राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख रचनाको सम्बन्धमा अधिकतम ३ (तीन) वटा अनुसन्धानात्मक लेख रचनाहरुको प्रकाशित भएको प्रमाण पेश गर्नुपर्नेछ ।तीनवटा भन्दा बढी लेखहरुको हकमा पहिलो तीनवटाको मात्र मूल्यांकन गरिनेछ । उल्लेख गरिएका लेख रचनाहरु प्राथमिकताक्रममा राख्नु पर्नेछ । मूल-लेखक (Main-Author) को हकमा पुरा अंक र सह-लेखक (Co-author/ Corresponding author) को हकमा पूर्णाङ्कको आधा अंक दिईनेछ। Main author नै Corresponding author भएको हकमा Main author को मात्र अंक प्रदान गरिनेछ ।

६. नीतिगत दस्तावेज र कार्यगत दस्तावेज तयारीको हकमा उक्त दस्तावेज तयार गर्दा वा स्वीकृतिको चरणमा रहेको प्रमाणको रुपमा तोकेको पत्र वा प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। प्रमाण पेश नभएको हकमा अंक प्रदान गरिने छैन । नीतिगत दस्तावेज भन्नाले नेपाल सरकार र नेपाली विश्वविद्यालयहरुका नीति, रणनीति, कार्यनीति, ऐन नियम, योजना जस्ता दस्तावेजहरु लाई जनाउनेछ । कार्यगत दस्तावेज भन्नाले Standard Operating Procedure, Manual, Technical Guideline, कार्ययोजना जस्ता दस्तावेजहरुलाई जनाउनेछ ।

७. अनुसन्धान वृति (Grant) ग्रान्टको हकमा अनुसन्धान वृति (Grant) पाएको र सम्बन्धित कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्नेछ। स्नातकोत्तर तहको अध्ययन गर्दाको बखत

प्राप्त गरेको अनुसन्धान वृति (Grant) लाई मान्यता दिईनेछैन। प्रमुख अन्वेषक (Principal Investigator) को हकमा पुरा अंक र सह-अन्वेषक (Co-Principal Investigator) को हकमा पूर्णाङ्कको आधा अंक मात्र दिईनेछ।

८. डिजिटल माध्यम वा प्रिन्ट माध्यममा प्रकाशित जानकारीमूलक लेख रचनाको हकमा अधिकतम ३ (तीन) वटा प्रकाशित भएको जानकारीमूलक लेख रचनाहरुको प्रमाण पेश गर्नुपर्नेछ।

९. पुरस्कार र सम्मानको हकमा शैक्षिक उपाधि लिंदा प्रदान गरिने पुरस्कार वा सम्मानलाई मान्यता दिईनेछैन।

१०. पेटेन्टको हकमा सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्र पेश गरेको हुनुपर्नेछ।

११. विज्ञान जगतका लागि नयाँ (New to Science), नेपालका लागि नयाँ (New to Nepal) र नयाँ फाईटोकेमिकल मोल्युक्युल (New Phytochemical Molecule) को खोजी गर्दा सो प्रकाशनको अंक Journal बापतको अंकमा दिईनेछैन।

१२. क्षमता विकास, ज्ञानको प्रसारण तथा उपयोगिताको हकमा पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्नेछ।

१३. मूल्याङ्कन गर्दा एउटै कामको लागि एक भन्दा बढी ठाउँमा अंक प्रदान नगरिने भएकोले एउटै प्रमाण दुई ठाउँमा उल्लेख गर्न पाईनेछैन।